## आकाशवाणी समाचार- नेपाली

मितिः १६ मार्च २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- रेलमन्त्री अश्विनी वैष्णवले भारतीय रेलवेलाई आधुनिक, कुशल र वातावरणीय रूपमा दिगो यातायात प्रणाली बनाउने सरकारको प्रतिबद्धतालाई पुन: पुष्टि गर्नु भएको छ।

- विदेश मन्त्री एस जयशंकरले हिज बेलायतका राष्ट्रिय सुरक्षा सल्लाहकार – एन.एस.ए. जोनाथन पावेलसँग भेट गर्नुभयो।

- खेलो इन्डिया पारा गेम्स - KIPG-२०२५ ले हिज नयाँ दिल्लीमा युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मांडवीयको उपस्थितिमा आफ्नो गान, शुभंकर र लोगो सार्वजनिक गरेको छ।

- अन्तरिक्ष यात्री सुनिता विलियम्स र बुच विल्मोर आज बिहान स्पेसएक्स क्रू ड्र्यागन अन्तरिक्ष यानबाट पृथ्वीमा फर्किएका छन्।

- कबड्डी विश्वकपमा, भारत अनि स्कटल्याण्डबीच भएको रोमाञ्चक म्याच बराबरीमा समाप्त भएको छ।

**अश्विनी वैष्णव**

रेलमन्त्री अश्विनी वैष्णवले भारतीय रेलवेलाई आधुनिक, कुशल र वातावरणीय रूपमा दिगो यातायात प्रणाली बनाउने सरकारको प्रतिबद्धतालाई पुन: पुष्टि गर्नु भएको छ। उहाले रेलवेको वित्तीय स्थिति राम्रो रहेको र सरकारले यसलाई अझ सुधार गर्ने काम गरिरहेको बताउनु भयो। हिजो लोकसभामा रेल मन्त्रालयको काम कारबाहीमाथि भएको छलफलको जवाफ दिनु हुदै श्री वैष्णवले यो कुरा बताउनु भएको हो। उहाले २०२० देखि देशमा यात्रु भाडा नबढेको र यो अन्य देशको तुलनामा धैरै सस्तो रहेको बताउनु भयो। उहाले विगत दश वर्षमा रेलवेले पाँच लाख रोजगारी प्रदान गरेको र एक लाखभन्दा बढी रोजगारीको लागि भर्ना प्रक्रिया चलिरहेको पनि बताउनु भयो।

BYTE

रेल सञ्चालनको समय निष्ठताको बारेमा, श्री वैष्णवले भन्नु भयो, रेलवेले उन्नत सिग्नलिंग प्रणाली, वास्तविक-समय अनुगमन, एआई-संचालित समय तालिका, आदि अपनाएर ९० प्रतिशत भन्दा बढी समयमै कार्यसम्पादन हासिल गरेको छ। उहाले चाडपर्वको समयमा यात्रुहरूको माग पूरा गर्न रेकर्ड संख्यामा विशेष रेलहरू चलाइएको बताउनु भयो। श्री वैष्णवले यो पनि जानकारी गराउनु भयो, अब सञ्चालन हुने रेलहरूको कुल संख्या कोभिड-१९ पूर्वको स्तरभन्दा बढी भएको छ, जसले रेलवेको विश्वसनीयता र राम्रो सेवाप्रतिको यसको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। रेलमन्त्रीले सरकार देशमा रेल दुर्घटना कम गर्नमा केन्द्रित रहेको बताउनु भयो। उहाले रेलवे र यात्रु सुरक्षामा धेरै ध्यान दिइँदै आएको बताउनु भयो। श्री वैष्णवले धेरै प्राविधिक प्रगतिहरू भएको र रेलवेले लामो रेलहरू, इलेक्ट्रोनिक इन्टरलकिङ र कुहिरो सुरक्षा उपकरणहरू जस्ता प्रमुख कदमहरू चालेर आफ्नो सेवाहरूमा निरन्तर सुधार गरिरहेको बताउनु भयो। श्री वैष्णवले भारत रेलवेको ठूलो निर्यातकर्ता बनेको बताउनु भएको छ।

****** ० ******

**एस जयशंकर**

विदेश मन्त्री एस जयशंकरले हिज बेलायतका राष्ट्रिय सुरक्षा सल्लाहकार – एन.एस.ए. जोनाथन पावेलसँग भेट गर्नुभयो। वार्तामा द्विपक्षीय, क्षेत्रीय र विश्वव्यापी सुरक्षा मुद्दाहरूमा विचार आदान प्रदान गरेको जानकारी प्राप्त भएको छ । श्री जयशंकरले नेपाल, थाइल्याण्ड, लक्जमबर्ग, लाटभिया र माल्दिभ्स लगायत विभिन्न देशका आफ्ना समकक्षीहरूसँग द्विपक्षीय बैठकहरू पनि गर्नु भयो। विदेशमन्त्रीले शोसियल मिडियामा पोस्टहरूमा आफ्ना बैठकहरूको बारेमा विवरण साझा गर्नुभयो। उहाले आफ्नो अन्य गतिविधिहरूका साथै, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी - IAEA को उपाध्यक्षको रूपमा पनि काम गर्नुभएको छ। उहाले महानिर्देशक राफेल मारियानो ग्रोसीलाई पनि भेट्नु भयो।

****** ० ******

**खेलो इन्डिया**

खेलो इन्डिया पारा गेम्स - KIPG-२०२५ ले हिज नयाँ दिल्लीमा युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मांडवीयको उपस्थितिमा आफ्नो गान, शुभंकर र लोगो सार्वजनिक गरेको छ। पारा खेलहरू यसै महिनाको २० देखि २७ मार्चसम्म राष्ट्रिय राजधानी दिल्लीमा आयोजना हुँदैछ। यस अवसरमा श्री मण्डावियाले खेलो इन्डिया पहलले सहभागी खेलाडीहरूलाई उल्लेखनीय प्लेटफर्म दिएको बताउनु भयो , जसले विश्वव्यापी मञ्चमा देशको प्रतिष्ठा बढाउने छ। उहाले पारा इन्डिया खेलकुदका सहभागीहरूलाई पनि शुभकामना दिनु भयो। फिट इन्डिया महोत्सव - उज्ज्वलाको अवसरमा सुरु गरिएको शुभंकर, दिल्लीको भँगेराबाट प्रेरित छ, जुन शहरको गौरव र लडाकू भावनाको प्रतीक हो। शुभंकरले पारा खेलाडीहरूलाई पनि प्रतिनिधित्व गर्दछ, जो लचिलोपन र दृढताको प्रतीक हुन्। खेलो इन्डिया पारा गेम्स खेलो इन्डिया मिशनको एक हिस्सा हो, जसको उद्देश्य प्रतिभाशाली खेलाडीहरूलाई उनीहरूको खेलकुद र प्रतिस्पर्धात्मक सीप प्रदर्शन गर्न प्लेटफर्म प्रदान गर्नु हो। पारा आर्चरी, पारा एथलेटिक्स, पारा ब्याडमिन्टन, पारा पावरलिफ्टिङ, पारा सुटिङ र पारा टेबल टेनिस लगायत छ वटा विषयहरूमा एक हजार तीन सयभन्दा बढी पारा खेलाडीहरूले KIPG-२०२५ मा भाग लिनेछन्।

****** ० ******

**नेपाल -भारत वार्ता**

नेपालका विदेश मन्त्री डा. आरजु राणा देउवा र भारतीय विदेशमन्त्री एस. जयशंकरले हिजो नयाँ दिल्लीमा भेट वार्ता गर्नु भयो। भारतको विदेश मन्त्रालयले आयोजना गरेको रायसिना संवाद २०२५ को १० औं संस्करणको समयमा दुई नेताबीच भेटेघाट भएको थियो। डा. राणाले बैठकमा "धेरै उपयोगी कुराकानी" भएको बताउनु भयो। यहाले भन्नु भयो, दुई नेताहरूले द्विपक्षीय सम्बन्धको समीक्षा गरे, विभिन्न क्षेत्रमा जारी गतिविधिहरूबारे छलफल गरे र जनता-जनता सम्पर्क अनि कूटनीतिक आदानप्रदान बढाउने अवसरहरू पहिचान गरे।

****** ० ******

**मध्यप्रदेश-रंगपञ्चमी**

आज, रंगपञ्चमीको अवसरमा , मध्यप्रदेश अन्तर्गत देशको सबैभन्दा सफा शहर इन्दौरमा परम्परागत गेर जुलुस निकालिनेछ। गेर हेर्न र यसमा भाग लिन मानिसहरू विदेशबाट पनि आउँछन्। यस रंगीन जुलुसमा मुख्यमन्त्री डा. मोहन यादव पनि सहभागी हुनुहुनेछ।

BYTE

****** ० ******

**नौका – दुर्घटना**

मध्य प्रदेशको शिवपुरी जिल्लाको माता टिला बाँधमा हिजो साँझ श्रद्धालुहरू बोकेको डुङ्गा पल्टिएको छ। डुङ्गामा १५ जना सवार थिए, जसमध्ये आठ जनाको उद्धार गरिएको छ। तर सात जना अझै बेपत्ता छन्। राज्य विपद् प्रतिक्रिया बल - SDRF को सहयोगमा खोजी कार्य जारी छ। भक्तहरू टापुमा अवस्थित मन्दिरको दर्शन गर्न गएका थिए। जानकारी पाउने बित्तिकै जिल्ला मजिस्ट्रेट, पुलिस अधीक्षक र जिल्ला प्रशासनका अन्य अधिकारीहरू घटनास्थलमा पुगे। मुख्यमन्त्री डा. मोहन यादवले यस दुर्घटनाप्रति दुःख व्यक्त गर्नु भएको छ।

****** ० ******

**सुनीता विलियम्स-वापसी**

अन्तरिक्ष यात्री सुनिता विलियम्स र बुच विल्मोर आज बिहान स्पेसएक्स क्रू ड्रयागन अन्तरिक्ष यानबाट पृथ्वीमा फर्किएका छन्। उनीहरूको स्पेसएक्स क्याप्सुल प्यारासुटले मेक्सिकोको खाडीमा उडान भरेको थियो। अन्तरिक्ष यानमा प्राविधिक गडबडीका कारण सुनिता र बुच ९ महिनाभन्दा बढी समयसम्म अन्तरिक्ष स्टेशनमा फसेका थिए। ५ जुन २०२४ मा, उनीहरु ८ दिनको लागि अन्तरिक्ष अभियानमा गएका थिए।

BYTE

यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले नासाकी अन्तरिक्ष यात्री सुनिता विलियम्सको सुरक्षित घर फर्कनको कामना गर्नु भएको थियो। आफ्नो पत्रमा, श्री मोदीले सुश्री विलियम्सलाई अन्तरिक्षबाट फर्केपछि भारत भ्रमण गर्न आमन्त्रित गर्नुभएको छ।

****** ० ******

**अमेरिका – रूस वार्ता**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प अनि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच दुई पक्षीय वार्ता सम्पन्न भएको छ। रुस-युक्रेन द्वन्द्व अन्त्य गर्ने उद्देश्यले ह्वाइट हाउसले युक्रेनसँग ३० दिने युद्धविरामको लागि जोड दिइरहेको छ। ह्वाइट हाउस र क्रेमलिनले वार्ताको बारेमा तत्काल विवरण नदिए तापनि दुवैले वार्ता समाप्त भएको पुष्टि गरे। फोन वार्ता अघि, श्री ट्रम्पले तीन वर्षको द्वन्द्वको समयमा कब्जा गरिएका भूमि र ऊर्जा प्लान्टहरूका बारेमा श्री पुटिनसँग छलफल गर्ने आशा व्यक्त गर्नु भएको थियो। ह्वाइट हाउसले पहिले नै वार्ता सकारात्मक हुने आशा व्यक्त गरिसकेको थियो।

****** ० ******

**ब्रिटेन-कल्याणकारी योजना- कटौती**

ब्रिटेनको लेबर पार्टी सरकारले संसदको तल्लो सदन - हाउस अफ कमन्समा कल्याणकारी योजनाहरूमा आधारभूत परिवर्तनहरूको घोषणा गरेको छ। सदन अनुसार यो निर्णयले नगद अभावको सामना गरिरहेको प्रशासनको लागि ५ अर्ब पाउण्ड अर्थात् साढे छ अर्ब डलर बचत गर्नेछ। अर्कोतिर आलोचकहरूले यसले ब्रिटेनका सबैभन्दा कमजोर मानिसहरूलाई हानि पुऱ्याउने दाबी गरेका छन्। सरकारले यो परिवर्तनले यस समयमा 'बर्खास्त' गरिएका मानिसहरूलाई रोजकारी दिलाउन मद्दत गर्ने बताएको छ। सय वर्षभन्दा पहिले श्रमिक जनताको अधिकारको रक्षा गर्न स्थापना भएको पार्टीको लागि यो जोखिमपूर्ण रणनीति हो र यसले ट्रेड युनियनवादीहरू र पार्टी समर्थकहरूलाई चिन्तित परेको छ।

****** ० ******

**कबड्डी विश्वकपमा**

कबड्डी विश्वकपमा, भारत अनि स्कटल्याण्डबीच भएको रोमाञ्चक म्याच ६४-६४ को स्कोरमा बराबरीमा समाप्त भएको छ। इङ्गल्याण्डको वोल्भरह्याम्प्टनमा भएको समूह बी को खेलमा भारतले असल सुरुवात गर्दै केही मिनेटमै ७-४ को अग्रता लिएको थियो। भारतले चाँडै नै स्कटल्याण्डलाई अलआउट गर्दै १२-८ को अग्रता लियो। पछि, स्कटल्याण्डले पनि उत्कृष्ट प्रदर्शन गर्दै चार अंकको अग्रता लियो। अन्तिम मिनेटमा भारतले ६२-६१ को अग्रता लिएको थियो। यद्यपि, स्कटल्याण्डको रक्षापंक्तिले असल प्रदर्शन गरेपछि म्याच बराबरीमा समाप्त भयो।

****** ० ******